# नेपाल खाद्य संस्थानको
# हवाईमार्गवाट खाद्यवस्तु ढुवानी सम्वन्धी गोप्य शिलवन्दी
# बोलपत्र आव्हानको सूचना

## ( प्रथम पटक प्रकाशित मिति २०६८।०२।३० गते )

आर्थिक वर्ष २०६८।०६९ को लागि राज्यका बिभिन्न स्थानहरुमा हवाईमार्गवाट खाद्यवस्तु ढुवानीको काम गर्न हाल संचालनमा रहेका इच्छुक हवाई सेवा / कम्पनीवाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

(१) संस्थानको तल तोकिएको कार्यालयबाट पछि फिर्ता नहुने गरी सूचनामा तोकिए बमोजिम तोकिएको मूल्य तिरी बोलपत्र फाराम, बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु, सूचना र सम्झौता पत्रको नमूना संलग्न गरिएको कागजातको सेट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्ममा अर्थात मिति २०६८।०३।२८ भित्रमा प्राप्त गर्न सकिने छ र सोही बोलपत्र फाराम भरी सूचनामा तोकिएको स्थान/कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) एउटै बोलपत्रदाताले कुनै एक वा सो भन्दा बढी सेक्टरहरुमा खाद्यबस्तु ढुवानीको लागि बोलपत्र दिन सक्ने छ । तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरहरुको लागि बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिमको बेग्ला बेग्लै धरौटी राख्नु पर्नेछ ।

(३) बोलपत्रदाताले बोलपत्रसाथ प्रति के.जी. कबोल दरको हिसाबले ढुवानी गर्नु पर्ने भनी उल्लेख भएको परिमाण अनुसार के कति ढुवानी भाडा लाग्ने हुन आउछ सो रकमको २.५% ( अढाई प्रतिशत ) ले हुने रकम बोलपत्र साथै धरौटी राख्नुपर्ने हुंदा बोलपत्रदाताले आफूले बोलपत्र पेश गर्ने सेक्टरकालागि छुट्टा छुट्टै उपरोक्त अनुसार तोकिएको रकम यस संस्थानको सम्बन्धित कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा संस्थानमा नगद जम्मा गरेको नगदी रसिद बोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्र साथ धरौटी वापत छुट्टै रकम राख्न अनिवार्य भएकोले बोलपत्रदाताले संस्थानसंग लिन बांकी कुनै पनि रकमलाई धरौटीमा समाबेश गरी पाउं भनी निबेदन दिएमा सो लाई मान्यता दिइने छैन । बोलपत्रदाताले धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गरेको मितिले कम्तिमा ६ (छ) महिना अवधिको **"क"** बर्गको बाणिज्य बैंकको जमानीपत्र राख्नु पर्नेछ । वोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताले लाग्न जाने ढुवानी भाडाको ५% (पांच) प्रतिशत रकम धरौटी बापत नगद जम्मा गरी वा सो बराबरको **"क"** बर्गको बाणिज्य बैंकले यस संस्थानको सम्बन्धित कार्यालयको नाममा जारी गरेको सम्झौता अवधि भन्दा कम्तिमा ६ (छ) महिना बढी अवधि रहेको बैंक जमानी पत्र (Performance Bond ) पेश गर्नु पर्नेछ । बोलपत्र स्विकृतको जानकारी पाएको १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी जफत हुनेछ ।

(४) बोलपत्र साथ बोलपत्रदाता हवाई सेवा / कम्पनीले फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्र, बायु सेवा संचालन अनुमति तथा प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर क्लियरेन्स पत्र समेतको प्रतिलिपी र घोषणापत्र संलग्न गर्नु पर्नेछ र बोलपत्रको खाम बाहिर " **खाद्य बस्तु हवाई ढुवानीको बोलपत्र** " भन्ने उल्लेख हुनाका साथै ढुवानी सेक्टर समेत प्रष्ट उल्लेख गरी बोलपत्रदाताको पुरा नाम थर ठेगाना स्पष्ट लेखिएको हुनु पर्दछ ।

(५) बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रित पूर्वक सहि छाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत यो सूचना प्रथम पटक प्रकाशित मितिले ३१ औं दिन ( २०६८।०३।२९ ) दिनको १२.०० बजे भित्र संस्थानको प्रधान कार्यालय बिक्री बितरण बिभागमा बोलपत्र बुझाई सक्नु पर्नेछ ।

(६) संस्थानमा बुझाएको बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा बोलपत्र बुझाउने अन्तिम दिन मिति २०६८।०३।२९ गते अपरान्ह १४.०० बजे सम्बन्धित कार्यालयमा बोलपत्र खोलिने छ । तर, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन ।

(७) बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट सम्म म्याद कायम रहने छ र सोहि अनुरुप बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने दिन एक दिन पछि सर्नेछ ।

(८) ढुवानी बोलपत्र आव्हान सम्बन्धी बिस्तृत व्यहोरा संस्थानको प्रधान कार्यालय, अञ्चल कार्यालय नेपालगन्ज र शाखा कार्यालय सुर्खेतको सूचना पाटीमा तथा संस्थानको **Web site WWW.nfc.com.np** मा समेत हेर्न सकिनेछ । अन्य कुरा बुझ्न परेमा उपरोक्त कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिने छ ।

(९) यो सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावलि २०६४ अनुसार हुनेछ ।

**खाद्यान्न ढुवानी गर्नु पर्ने सेक्टर, ढुवानी गर्नुपर्ने अनुमानित खाद्यान्न परिमाण र बोलपत्र दस्तुर निम्न अनुसार छ ।**

| जिल्ला | क.सं. | खाद्यान्न ढुवानी सेक्टर | | बोलपत्र खरीद गर्न सकिने संस्थानको कार्यालय | बोलपत्र बुझाउने संस्थानको कार्यालय | ढुवानी हुने अनुमानित परिमाण क्वीण्टलमा | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | | |
| हुम्ला | १ | नेपालगन्ज हवाई मैदान | हुम्ला हवाई मैदान | प्र.का.काठमाण्डौ/ अं.का.नेपालगन्ज | प्र.का. काठमाण्डौ | १००० | ३०००/- |
| | २ | सुर्खेत हवाई मैदान | हुम्ला हवाई मैदान | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | १८०० | ३०००/- |
| | ३ | सुर्खेत हवाई मैदान | हुम्ला हवाई मैदान (हेलिकप्टरबाट) | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | १५०० | ३०००/- |
| | ४ | सुर्खेत हवाई मैदान | श्रीनगर डिपो हेलिप्याड हुम्ला | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | ४०० | ३०००/- |
| | ५ | सुर्खेत हवाई मैदान | सर्केगाड डिपो हेलिप्याड हुम्ला | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | ७०० | ३०००/- |
| डोल्पा | १ | नेपालगन्ज हवाई मैदान | जुफाल हवाई मैदान डोल्पा | प्र.का.काठमाण्डौ/ अं.का.नेपालगन्ज | प्र.का. काठमाण्डौ | ७०० | १०००/- |
| | २ | सुर्खेत हवाई मैदान | जुफाल हवाई मैदान डोल्पा | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | १४०० | ३०००/- |

| जिल्ला | क्र.सं. | खाद्यान्न ढुवानी सेक्टर | | बोलपत्र खरीद गर्न सकिने संस्थानको कार्यालय | बोलपत्र बुझाउने संस्थानको कार्यालय | ढुवानी हुने अनुमानित परिमाण क्वीण्टलमा | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| मुगु | १ | नेपालगन्ज हवाई मैदान | ताल्चा हवाई मैदान मुगु | प्र.का.काठमाण्डौ/ अं.का.नेपालगन्ज | प्र.का. काठमाण्डौ | ९०० | ३०००/- |
| | २ | सुर्खेत हवाई मैदान | ताल्चा हवाई मैदान मुगु | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | १६०० | ३०००/- |
| | ३ | सुर्खेत हवाई मैदान | सोरुकोट डिपो हेलिप्याड मुगु | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | ४०० | ३०००/- |
| | ४ | सुर्खेत हवाई मैदान | श्रीकोट डिपो हेलिप्याड मुगु | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | ४५० | ३०००/- |
| बाजुरा | १ | नेपालगन्ज हवाई मैदान | कोल्टी हवाई मैदान बाजुरा | प्र.का.काठमाण्डौ/ अं.का.नेपालगन्ज | प्र.का. काठमाण्डौ | ७०० | १०००/- |
| | २ | सुर्खेत हवाई मैदान | कोल्टी हवाई मैदान बाजुरा | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | १२०० | ३०००/- |
| कालिकोट | १ | सुर्खेत हवाई मैदान | थिर्पु डिपो हेलिप्याड कालिकोट | प्र.का.काठमाण्डौ/ शा.का.सुर्खेत | प्र.का. काठमाण्डौ | ३०० | १०००/- |

**बिक्री बितरण बिभाग**
**नेपाल खाद्य संस्थान**
**प्रधान कार्यालय, काठमाडौं ।**
**फोन नं. ४-२४८८८३, ४-२४८८९१**